# नेपाल गजेट

## नेपाल सरकारद्धारा प्रकाशित

### काठमाडौं भाद्र१८ गते ०८ साल

### भाग १

नेपाल पब्लिक सर्भिस कमिशन कार्रवाई बन्देजको सवाल १९५१.

नेपाल सरकारको अन्तरीम विधान १९५१ को नम्बर ४० दफा ( २ अधिकारबमोजिम श्री ५ महाराजाधिराजबाट आफ्ना मन्त्रिमंडलका सल्लाहले देहायको नियम जारी गरीबक्सेको छ ।

### तामलेख

१ यी सवालहरु नेपाल पब्लिक सर्भिस कमिशन कारवाई बन्देज सवाल १९५१ कहिनेछन् ।

### परिभाषा

२ यी सवालहरूको विषय तथा प्रसङ्गमा कुनै विरोधात्मक शब्द नभएमा

( क ) विधान ( १९५१ )को माने नेपाल सरकारको अन्तरीम विधान

( ख ) नियुक्तिको अधिकारी को अर्थ नेपालको कार्रवाईको सम्बन्धका सरकारी नोकरीमा नियुक्त गर्ने अधिकार ।

( ग ) कमिशनको अर्थ नेपाल पब्लिक सर्भिस कमिशन मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भर्ती र नियुक्त गर्ने काम

३ ( १ ) देहायका निजामती नोकरी जागीरहरूको भर्तीको पद्धति अथवा त्यस्ता राजसेवा वा नोकरीहरूमा अनुकरणीय नियुक्तिको सिद्धान्त अथवा उम्मेदवारको योग्यताको विषयमा कमिशनको सल्लाह लिइरहनुपर्दैन ।

( क ) सूचि बाहिरका नोकरी र जागीरहरू, जसको नियुक्तिको अधिकारी श्री ५ महाराजको अतिरिक्त अरु कोही भएमा ।

( ख ) जब कुनै पदमा नियुक्त जागीरेलाई अर्को पदमा नियुक्ति गर्ने प्रस्ताव भएको छ, जसमा अरू नोकरीको नियमबाट नियुक्त गर्न बाधा पर्दैन, अथवा श्री ५ महाराजाधिराजको रायबाट त्यो त्यस्तो पद ठहऱ्याइ बक्सेको छ; जसमा सामान्य तथा त्यस किसिमका जागीरेहरू नियुक्त भई आएका छन्,

( ग ) प्रधान न्यायाधीश र प्रधान न्यायालयका न्यायाधीशहरू महा-लेखक ( अडिटर जनरल ) महाअधिवक्ता ( आउभोकेट जनरल ) निर्वाचन अफिसर ( इलेक्शन अफिसर ) तथा निर्वाचनप्रदेष्टा ( इलेक्शन कमिश्नर ) हरूको नियुक्ति ।

( घ ) जब कि जनहितका दृष्टिले कुनै स्थायी जागीरमा तुरुन्त कायम-मुकायम ठाउँ ठेक्नु परेको छ, जुन विषय कमिशनलाई सोधिरहँदा ढीला हुन जान्छ, तर खाली रहने निश्चित अथवा संभाव्य ६ महीना अथवा बढीको अवधिभित्र त्यस्तो कायममुकायम उम्मेदवारका योग्यताको विषयमा कमिशनको राय लिनैपर्दछ ।

( ङ ) जब कि जनहितका दृष्टिबाट कुनै नोकरीमा अस्थायी जागीर नयाँ सिर्जना भएकोमा उम्मेदवार ठाउँ भर्ना गर्नुपरेको छ, जुन विषय कमिशनलाई सोधी रहँदा ढीला हुनजान्छ, तर त्यस्तो अल्पकालिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जागीरको अवधि ६ महीनाभन्दा बढी हुनेभएमा वैधानिक कानूनको दफा ४० को उपधारा ( २ ) मा वर्णित ( क ) देखि ( ग ) सम्मका उपाङ्गबमोजिम सकेसंम चाँडो कमिशनको राय लिनुपर्छ ।

( च ) जब कि अवसरित सरकारी जागीरदारलाई कुनै अस्थायी जागीरमा फेरि भर्ना गर्ने प्रस्ताव भएको छ ।

( । ) स्थायी नोकरीको अस्थायी पदमा जसबाट उक्त अफिसर अवसरित भएको थियो ।

## अथवा

( ।। ) त्यस्तो अचिरबर्ती पदमा जो कि स्थायी कर्मीउपर थप भएको छ, जसबाट उक्त अफिसरले अधिकार छोडेको थियो ।

## अथवा

( ।।। ) त्यस्तो अरू अस्थायी जागीरहरूमा जसको कर्तव्यहरू साधारणतया उक्त जागीरदारहरूले गरी आए सरहका छन् ।

(छ) त्यस्तो जागीरहरूको भर्तीमा जसको तलब साल १ को मोहोरु. ८००। नाघदैन ।

(ज) दिल्ली लण्डनमा रहने नेपाली राजदूतहरू, कलकत्तामारहने महा प्रदूत र रङ्गुणमा रहने प्रदूत, मलयामा रहने सम्पर्क पदाधिकारी र ल्हासामा रहने दूत तथा उनीहरूका मातहतका कर्मचारी गणको नियुक्तिमा ।

(झ) श्री ३ महाराज प्रधानमन्त्री तथा माननीय मन्त्रीहरूको अन्तरङ्ग सचिवहरूको नियुक्तिमा ।

(२) कमिशनको अनुमतिले नेपाल बाहिरबाट झिकाउने उम्मेवारको योग्यता जाँचीरहनुपर्दैन भन्ने निर्णय भएकोमा कमिशनसंग सल्लाह गर्नुपर्दैन ।

## बढुवा गर्ने

देहायका अभिवृद्धि विषयका पद्धति वा उम्मेदारको बढुवा गर्ने योग्यताको निर्णयको सिद्धान्तका निमित्त कमिशनको राय लिइरहनु पर्दैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ महाराजाधिराजबाट नियुक्त गरिबक्सने सूचिमा लेखिएदेखि बाहेकका अरू जागीरदारहरूको अभिवृद्धिका विषयमा ।

(ख) भर्ती ठाडै उच्च पदमा भर्ना गर्ने प्रस्ताव भएकोमा बाहेक अड्डा २ को रोल प्रमोसनका नियमबमोजिम निम्न श्रेणीबाट उच्चश्रेणीमा बढुवा गर्नेमा

(ग) एकवर्ष ननघाईं कायममुकायम गरी अभिवृद्धि गरेकोमा ।

तर साथसाथै अभिवृद्धि अघि तोकिएको अवधिभन्दा बढाउने प्रस्ताव भएकोमा यो नियमको प्रयोजनका निमित्त बढुवा गरेको अघिल्लो मितिदेखि त्यस्तो प्रमोसनका अवधिको गिन्ती हुनेछ, न कि बढुवा गरेको मितिले ।

## सरुवा विषय

५ उही नोकरीमा एक ठाउँबाट अर्को ठाउँमा सरुवा गर्ने सिद्धान्तका विषय अथवा उम्मेदवारको योग्यताको विषयमा कमिशनको राय लिइरहनुपर्दैन, तर साथसाथै कुनै नोकरी दुइ अथवा दुइभन्दा बढी भागमा विभक्त गरेको भए र त्यसमा कुनै अफिसरलाई ठाडै भर्ना अथवा अभिवृद्धि गर्ने प्रबन्ध भएको छ भने कमिशनको राय लिनुपर्दछ ।

## अनुशासनात्मक काण्डहरू

६. निम्नलिखित अनुशासनात्मक काण्डहरूमा कमिशनको राय लिइरहनुपर्दैन ।

(क) श्री ५ महाराजाधिराजबाहेक सुरु अपील अथवा इन्साफ दोहोऱ्याउने अधिकारीले आडर गरेकोमा—

(ख) श्री ५ महाराजाधिराजबाट तपसीलका सजायका निमित्त प्रारंभिक अड्डा जारी गर्ने चाहिबक्सेकोमा अथवा निम्न कक्षा अधिकारी वर्गले दिएका तपसीलका सजायउपर परेको अपील, यदि नियमबमोजिम लाग्ने भएकोमा बाहेक मजकुरबाट अनुशासन गरिबक्सेकोमा—

(।) कर्मकौशल बाधाद्वारा गतिरुद्ध भएबाहेक वेतनवृद्धि अथवा अभिवृद्धि रोकेकोमा—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(II) दर्जा घटाएको अथवा समय परिमाण अथवा समय परिमाणको स्थिति अथवा श्रेणीक्रममा घटाएको रहने भने—

(III) बेपरवाही अथवा आज्ञाभङ्ग गरी नेपालसरकारको आर्थिक हानि नोक्सानी गराएबापत सबै तलब अथवा तलबको केही खण्ड रोक्का गरी सरकारी नोक्सानी भराएकोमा

(IV) झिकिएको (V) पद च्युत गरेको (VI) पूर्वसेवा वृत्ति घटाएकोमा

(ग) श्री ५ महाराजाधिराजबाट उजुर अथवा विन्तिपत्र अस्वीकार गरि बक्सेकोमा।

(घ) प्रत्येक त्यस्ता काण्ड जसउपर कमिशनले अनुशासनका विषय अघिनै सल्लाह दिइसकेको र त्यसपछि सो अघिको फैसला दोह्र्याउने नयाँ प्रश्न उपस्थित नभएकोमा।

गोरखापत्र-छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।